

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ११४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख २५ गते मंगलबार ❑ 7 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## जनता समाजवादी पार्टी निर्वाचन आयोगमा दर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

निर्वाचन आयोगले नयाँ राजनीतिक दलका रूपमा जनता समाजवादी पार्टी दर्ता गर्ने निर्णय गरेको छ।

आयोगको शनिबार बसेको बैठकले उक्त दल दर्ता सम्बन्धी निर्णय गरेको सहायक प्रवक्ता रामदत्त पाण्डेयले जानकारी दिनुभयो । आइतबार जनता समाजवादी पार्टी, (जसपा) नेपालका सात जना सङ्घीय सांसदले नयाँ दल दर्ताको निवेदन आयोगमा दर्ता गरेका थिए। "नेपालको संविधान २०७२, राजनीतिक दलसम्बन्धी ऐन २०७३, राजनीतिक दलसम्बन्धी नियमावली २०७४, तथा प्रचलित सङ्घीय कानुन बमोजिमा प्रावधान पालना गर्ने शर्तमा राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३३ र राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम ५ बमोजिम जनता समाजवादी पार्टी नामक राजनीतिक दल दर्ता गरी आयोगको दल दर्ता किताबमा अभिलेखीकरण गर्ने निर्णय भएको छ", पाण्डेयले भन्नुभयो। नयाँ दर्ता भएको दलको नाम संक्षिप्तमा जनता समाजवादी र अङ्ग्रेजीमा 'पिपुल्स सोसलिस्ट पार्टी' (पिपुल्स सोसलिस्ट) रहेको छ । आयोगको बैठकले जनता समाजवादी पार्टीले पेश गरेको विधान अभिलेख गर्ने र उक्त पार्टीलाई दल दर्ताको प्रमाणपत्र दिनेसमेत निर्णय गरेको छ । त्यसैगरी, सङ्घीय संसद् सचिवालय, सबै प्रदेशसभा सचिवालय र सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई दल दर्ताको जानकारी दिने निर्णय आयोगले गरेको पाण्डेयले जानकारी दिनुभयो।

अशोक राईको नेतृत्वमा जसपा नेपालका सात जना सांसदले नयाँ दल दर्ताका लागि हिजो आइतबार निर्वाचन आयोगमा निवेदन दिएको थियो। राईसँगै सङ्घीय सांसदहरू वीरेन्द्र महतो, प्रदीव यादव, सुशीला श्रेष्ठ, हसिना खातुन, रञ्जु ठाकुर र नवलकिशोर साह सुडी नयाँ दर्ता भएको दलमा हुनुहुन्छ।

## पोखरा ४ पूर्ण खोप सुनिश्चितता वडा घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

पोखरा महानगरपालिका वडा नं ४ लाई पूर्ण खोप सुनिश्चितता वडा घोषणा गरिएको छ।

वडा नं ४ भित्रका १६ देखि ५९ महिना सम्मका सम्पूर्ण बालवालिकाहरुले १५ महिना भित्र पाउनुपर्ने सवै खोपहरु पाइसकेको प्रतिवद्धता सहित पोखरा ४ लाई पूर्ण खोप सुनिश्चितता सहित दिगोपनको घोषणा गरेको हो । वडा भित्रका ३ सय ३७ जना बालवालिकाले १५ देखि ५९ महिना सम्म पाउनुपर्ने सम्पूर्ण खोपहरु पाइसकेकाले वडालाई पूर्ण खोप सुनिश्चितता वडा घोषणा गरिएको हो। सो अपसरमा वोल्दै पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक तेजाखर लम्सालले वालवालिकाहरुको अधिकारमा पर्ने पूर्ण खोप कार्यक्रमलाई वडाले चासो दिएर पूर्ण सुनिश्चितता गराएकोमा धन्यवाद ब्यक्त गर्दै यो कार्यक्रमलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिनुपर्नेमा जोड दिए। त्यस्तै पोखरा महानगरपालिका वडा नं ४ का अध्यक्ष देवकृष्ण पराजुलीले वडाको बिकासमा आफु सदैव लागि परेको वताउदै वडालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरेको भएतापनि आफ्नो वडामा छिमेकी मुलुक भारतका ब्याक्तिहरुको बाक्लो वस्ती रहेका कारण पनि यसमा थप चुनौती देखा परेको बताउदै त्यसको समाधानमा समेत वडा लाग्ने वताए । वडाभित्र सडक निर्माणमात्र बिकासको काम नहुने वताउदै आगामी दिनमा युवा, बृद्धवद्धा, महिलाहरुलाई समेत लक्षित गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने उनको भनाइ रहको थियो । सो अवसरमा आगामी दिनमा जुनसुकै अवस्था र परिस्थितिमा बालवालिकाहरु कुनैपनि खोप लिनबाट बन्चित हुने छैनन भनी खोप समन्वय समिति, जननिर्वाचित प्रतिनिधिहरु, स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समिति, राजनीतिक दलका प्रतिनिधीहरु, विद्यालय प्रध्यानाध्यापक, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविकाहरु, आमा समुहका सदस्यहरु, यूवा क्लवका सदस्यहरु, कर्मचारीहरु, बाल क्लवहरु, स्वास्थ्यकर्मीहरु, स्थानीय समाजिसेवी तथा बुद्धिजिवी र सम्पूर्ण वडा बासी नागरिकहरुले प्रतिवद्धता समेत जनाएका छन।

पोखरा महानगरपालिका वडा नं का स्वास्थ्य ब्यवस्थापन समिति संयोजक पार्वती माकाजुले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन सुजन पौडेलले गरेका थिएभने कार्यक्रममा वडा भित्रका स्वास्थ्यकर्मी, स्थानिय समाजसेवी, कर्मचारी, आमा समुह, विद्यालयका प्रध्यानाध्यापक, शिक्षक लगायतको उपस्थिती रहेको थियो।

## एमालेको गण्डकीको प्रशिक्षण सकियो

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

ने क पा(एमाले)ले स्थानीय तहमा आफ्नो पार्टीबाट निर्बाचित जनप्रतिनिधिहरूलाई आयोजना गरेको तिन दिने प्रशिक्षण सोमबार पोखरामा सम्पन्न भएको छ । प्रशिक्षण समापनका अबसरमा एमाले पोलिटब्युरो सदस्य तथा केन्द्रीय स्थानीय बिकास बिभाग प्रमुख देबेन्द्र दाहालले प्रशिक्षण पार्टीका नीति तथा कार्यक्रम कार्यान्वयनमा फलदायी भएको र सुखी नेपाले सम्बृद्ध नेपालको आधार निर्माणमा सहयोगी हुने बिश्वास ब्यक्त गर्नुभयो।

सो प्रशिक्षण नियमित बार्षिक रूपमा आयोजना हुने भन्दै स्थानीय तहमा रहेका आफ्ना जनप्रतिनिधिलाई कार्य सम्पादनमा दक्षता बढाउदै एमालेलाई बलियो राष्ट्रीय शक्तिका रूपमा स्थापित गराउने उद्देश्य रहेको बताउनुभयो।




कार्यक्रममा पोलिटब्युरो सदस्य मना के सी ले प्रशिक्षणले कार्य दक्षता बढाउन सहयोगी हुने उल्लेख गर्दै पार्टी र स्थानीय जनप्रतिनिधिहरू बीच समन्वय र सहकार्यमा फलदायी हुने उल्लेख गर्नुभयो। एमाले गण्डकी प्रदेश कमिटिका अध्यक्ष नबराज शर्माको अध्यक्षतामा सम्पन्न समापन समारोहको संचालन प्रदेश कमिटी सचिब धनन्जय दवाडीले गर्नुभएको थियो।

तिन दिन सम्म चलेको सो प्रशिक्षणमा उप -महासचिब प्रदिप ज्ञवाली सहित एमाले पोलिटब्युरो सदस्य तथा केन्द्रीय स्थानीय बिकास बिभाग प्रमुख देबेन्द्र दाहाल, सोहि विभागका सचिब हर्कराज राइ, केन्द्रीय स्कुल बिभाग सदस्य रामशरण प्याकुरेल, प्राध्यापक डाक्टर तत्व तिम्सिना सहितका नेताहरूले सहजिकरण गर्नुभएको एमाले गण्डकी प्रदेश कमिटीका सचिब दवाडीले जानकारी दिनुभयो।

प्रशिक्षणमा एमालेबाट गण्डकी प्रदेशका स्थानीय तहमा निर्बाचित प्रमुख ,उप- प्रमुख , जिल्ला समन्वय समितिका प्रमुख ,उप- प्रमुख र प्रत्येक जिल्लाबाट एक जना वडा अध्यक्ष सहित पार्टीका जिल्ला कमिटि अध्यक्ष र इन्चार्जहरू गरी करिब एक सय जनाको सहभागिता रहेको ने क पा एमाले गण्डकी प्रदेशका स्थानीय तह बिभाग प्रमुख एबम प्रदेश कमिटी सदस्य लिलाधर पौडेलले जानकारी दिनुभयो।

## वैशाख २८ देखि यू-२३ बास्केटवल प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

"स्वास्थ्यको लागि खेलकुद राष्ट्रका लागि खेलकुद" भन्ने नाराका साथ महेन्द्रपुल युथ क्लवको आयोजनामा प्रथम यू-२३ बास्केटबल प्रतियोगिता यही वैशाख २८ देखि पोखरामा हुने भएको छ।

पोखरा रंगशालामा हुने उक्त प्रतियोगिता यही वैशाख ३० गतेसम्म चल्ने भएको आइतबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । पोखरा महानगरपालिका वडा नम्बर ९ को सहयोगमा हुने प्रतियोगितामा विजेतालाई ४० हजार, उपविजेतालाई २५ हजारको साथमा शिल्ड, मेडल र प्रमाणपत्र वितरण गरिने भएको क्लवका अध्यक्ष आनन्दकुमार तज्या(काजी) ले बताउनु भयो।

तीन दिन चल्ने प्रतियोगितामा करिब २० टिम सहभागि हुने भएको प्रतियोगिताका संयोजक सेजोल जोजिजुले बताउनु भयो । प्रतियोगितामा कास्की सहित पर्वत, म्याग्दी, बागलुङ लगायतबाट केही टिम दर्ता भएको उहाँले दाबी गर्नु भयो । २०३४ सालमा स्थापना भएको क्लव विगत बेड दशकजसो समय सुसुप्त अबस्थामा रहेको थियो भने अब क्लवले निरन्तर खेलकुद सहित सामाजि कार्यक्रम गर्दै जाने भएको सचिव राजु कायस्थले बताउनु भयो । सल्लाहकार बिद्या मर्सानीले अब यस क्लवका सदस्यहरु एक भई सामाजिक कार्यमा निरन्तर लाग्नुपर्नेमा जोड दिनुभयो। वक्सिङका खेलाडी बुद्ध गुभाजुले मैदान अभावले गर्दा क्लवले आफ्नो खेलकुद गतिविधि अघि बढाउन नसकेको जनाउनु भयो।

## गण्डकी प्रदेशमा मन्त्रिपरिषद् विस्तार

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले मन्त्रिपरिषद् विस्तार गर्नु भएको छ।

सदनमा विश्वासको मत लिएको भोलिपल्ट सोमबार आफ्नै पार्टीका दुई जनालाई उहाँले नेकपा (एमाले)का प्रदेशसभा सदस्यलाई मन्त्रीको जिम्मेवार दिनु भएको हो।

सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रीमा सीता सुन्दास र उर्जा जलश्रोत तथा खानेपानी मन्त्रीमा वेदबहादुर गुरुङ (श्याम) लाई मुख्यमन्त्री अधिकारीले नियुक्त गर्नु भएको हो । साथै उहाँहरुले आज नै सपथ ग्रहण समेत गर्नु भएको छ । प्रदेश प्रमुख डिल्लीराज भट्टले उहाँहरुलाई सपथ ग्रहण गाउनु भएको हो । यस अघि सुन्दास आर्थिक मामिला मन्त्री र सुनदास भूमि व्यवस्था तथा कृषि र सीता सुन्दास आर्थिक मामिला मन्त्री हुनु भएको थियो । हाल गण्डकी प्रदेशमा मन्त्रिपरिषद् पाँच सदस्यीय रहेको छ। नेकपा (माओवादी केन्द्र)का हरिबहादुर चुमान आर्थिक मामिला मन्त्री र स्वतन्त्र सांसद राजीव गुरुङ (दीपक मनाङे) भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री भई सक्नु भएको छ । मुख्यमन्त्री अधिकारीले कागेंसको बिरोधका बाबजुत ६० सदस्य प्रदेश सभामा ३० मतका आधारमै विश्वासको मत प्राप्त गर्नु भएको थियो । असंबैधानिक कदमबाट सभामुखले मुख्यमन्त्रीलाई विश्वासको मत दिएको भन्दै नेपाली कागेंसले सर्वोच्च अदालतमा मंगलबार रिट दायर गर्ने भएको संसदीय दलका उपनेता बिन्दुकुमार थापाले बताउनु भयो । हाल आफुहरु छलफलमै रहेको उहाँले जनाउनु भयो। विश्वासको मत लिदा प्रदेश सभाको सम्पूर्ण सदस्यको बहुमत आवश्यक हुने कानूनि प्रावधान हुँदा हुदै गैर संवैधानिक ढंगबाट मुख्यमन्त्रीलाई विश्वासको मत दिनु गलत भएको उपनेता थापाले जनाउनु भयो।



## पर्यटकीय राजधानीमा बसाइ लम्ब्याउन भ्यू फेवा, राउन्ड फेवा पदमार्ग

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

पर्यटकीय राजधानी पोखरामा पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यका साथ गण्डकी प्रदेश सरकारको सहयोगमा फेवाताल किनारामा भ्यू फेवा, राउन्ड फेवा पदमार्गको काम अघि बढेको छ । फेवा ड्याम साइडस्थित वनस्पति पार्कबाट रानीवन हुँदै अनदुसम्मका लागि पदमार्ग बनाउन सरकारले रु ५० लाख बजेट छुट्ट्याएर काम सुरु गरेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय गण्डकी प्रदेशका सचिव कुमानसिंह गुरुङले रासससलाई जानकारी दिनुभयो।

यस आर्थिक वर्षमा करिब तीन किलोमिटर दूरीको पदमार्ग तयार हुने जानकारी दिँदै उहाँले उक्त मार्गका १० स्थानमा काठेपुल राख्नुपर्ने देखिएको बताउनुभयो। हालसम्म लगभग दुई किलोमिटर पदमार्ग तयार भइसकेको उहाँले जानकारी दिनुभयो। यसै बीच निर्माणाधीन पदमार्गको आज मन्त्रालयका प्रतिनिधि एवम् पर्यटन व्यवसायीले स्थलगत अवलोकन गरेका छन्। गण्डकी प्रदेशका पूर्व उद्योग, पर्यटन, वन तथा वातारणमन्त्री दिपेन्द्रबहादुर थापा, मन्त्रालयका सचिव कुमानसिंह गुरुङ, पर्यटन निर्देशनालयका पदाधिकारी,


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# उत्कृष्ट खेल संघ वा क्लबतर्फको अवार्ड सहारालाई

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

आठौं पोखरा स्पोर्ट्स अवार्ड २०८० अन्तरगत वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको अवार्ड सहारा क्लब पोखराले प्राप्त गर्ने भएको छ । प्रतिभा छनोट समितिको सिफारिसलाई आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको कार्यसमिति बैठकले अनुमोदन गरेसँगै सहारालाई अवार्ड अर्पण गर्ने निश्चित भएको हो ।

छैटौं सस्करणसम्म यो विधामा खेल संघलाई मात्र अवार्ड प्रदान गरिदै आएकोमा सातौं संस्करणबाट खेल संघ वा क्लब मध्येबाट उत्कृष्ट छान्ने व्यवस्था गरिएको थियो । यो अवार्ड पाउने सहारा पहिलो क्लब बन्नसफल भएको मञ्चका महासचिव राजाराम पौडेलले जनाए । अवार्ड पाउन सफल सहारा क्लबको स्थापना २०५५ भाद्र ३० गते पोखरामा भएको हो । 'आत्मा साक्षी राखी मन, वचन र कर्मले सामाजिक सेवामा सेवा गरौं' मन्त्रका साथ स्थापित क्लब विदेशसम्म फैलिएको छ । स्थापनादेखि निरन्तर यो क्लब खेलकुद र सामाजिक कार्यमा क्रियाशिल रहेको छ । २०५६ मा पृथ्वीचोकमा सार्वजनिक शौचालय निमार्ण गरेर सामाजिक कार्यको सुरुवात गरेको क्लबले २०५७ मा सहारा कप क्लब स्तरिय लिग कम नकआउट फुटबल प्रतियोगिता संचालन गरेको थियो । २०५८ सालमा ड्रिम प्रोजेक्टको रुपमा फुटबल एकेडेमी संचालन गऱ्यो । एकेडेमीका लागि २०६३ सालमा पोखरा १७ दोविल्लामा २६ रोपनी जग्गा खरिद गरि २०६९ सालमा फुटबल मैदान सँगै भवन निमार्ण सम्पन्न गरेको थियो । अहिले सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमी मार्फत क्लबले अनाथ तथा असाहय बालकलाई पालनपोषणका साथमा फुटबल समेत सिकाउँदै आइरहेको छ । २०६५ सालमा फिफाले सहारा एकेडेमीको डकुमेन्ट्री बनाएको थियो । जुन डकुमेन्ट्री फिफा फुटबल अर्न्तगत विश्वको अग्र स्थानमा परेपछि विविसि, इएसपीएन, स्टार स्पोर्ट्स, टेन स्पोर्ट्सले समेत प्रसारण गरेका थिए । यसबाट समेत क्लबको चर्चा विश्वभर फैलिएको थियो ।

२०५८ सालमा क्याराभान गोल्डकप फुटबल प्रतियोगिता आयोजना गरेको क्लबले त्यसपछि प्रत्येक वर्ष अन्तर क्लब आमन्त्रीत आहा रारा फुटबल प्रतियोगिता आयोजना गदै आएको छ । गतवर्ष २३ औं संस्करणको प्रतियोगिता सम्पन्न गरेको थियो । पोखरा तथा यस आसपासमा फुटबल खेलतर्फको रौनकता बढाउन यो प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्दै आएको छ । असहज समयमा समेत यस प्रतियोतालाई निरन्तरता दिएको कारण क्लबले फुटबल खेलको क्षेत्रमा अब्बल क्लबको रुपमा आफूलाई स्थापित समेत गर्न सफल भएको छ । सहाराले खेल क्षेत्रमा काम गदै आएका पत्रकारहरुको हौसला बढाउन २०६३ सालबाट सहारा खेलकुद पत्रकारिता पुरस्कार वितरण गदै आएको छ । २०७२ सालको भुकम्प पछि सहारा युके, सहारा हङकङ, अरुण फाउण्डेशन सँगको समन्वयमा गोरखाको घैरुङस्थित श्री गणेश प्राविमा आठ कोठे भवन, सिन्धुपाल्चोक हैबुङस्थित श्री हैबुङ महादेवस्थान माविमा पाँचकोठे भवन र कास्कीको सिदिङस्थित सरस्वती आधारभुत विद्यालयमा पुननिमार्णको लागि सहयोग समेत गरेको थियो । यसका अलावा थुप्रै सामाजिक कार्य र खेल गतिविधिका कारण क्लबले आफ्नो ओज बढाएको छ। यहीं वैशाख २८ गते शुक्रबार दिउँसो ३ बजेबाट पोखरा सभागृह हलमा आयोजना हुने भव्य कार्यक्रममा अवार्ड अर्पण गरिनेछ ।

अवार्ड कार्यक्रममा वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लबसँगै, वर्ष उत्कृष्ट प्रशिक्षक, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिने मञ्चका महासचिव पौडेलले जनाए । मञ्चले सर्वोत्कृष्ट महिला र पुरुष विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै एक/एक थान टेलजी ईलेक्ट्रिक स्कुटर प्रदान गर्ने जनाएको छ । त्यसबाहेक अन्य सबै विधामा अवार्ड प्राप्त गर्नेलाई अवार्डसँगै जनही ३५/३५ हजार प्रदान गर्दछ ।

# पोखरा १० मा आधारभुत ब्यूटिसियन तालिम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख



पोखरा महानगरपालिका वडा नं १० ले वडा भित्र रहेका महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले ४५ दिने आधारभुत ब्यूटिसियन तालिमको आयोजना गरेको छ ।

वडा स्तरीय ब्यूटिसियन तालिमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नं १० का अध्यक्ष राजेश गुरुङले आफु जनप्रतिनिधी भएर वडामा आएदेखि वडा भित्रका युवाहरुलाई लक्षित गरी विभिन्न सीपमुलक तालिमहरुको आयोजना गरी युवाहरुलाई आत्मनिर्भर बनाउने अभियानमा लागिपरेको वताए । युवा, महिला, दलित समुदाय तथा विपन्न परिवारका सदस्यहरुलाई आत्मनिर्भर बनाउन सकेको खण्डमा स्वदेशमै सानो लगानीमा ब्यापार ब्यवशाय गर्न सक्ने उनको भनाइ रहको थियो । सो अवसरमा वोल्दै तालिमका समन्वय कर्ता बबि ब्यूटी सैलुन एण्ड ट्रेनिङ सेन्टरका सञ्चालक बविता कार्कीले महिला दिदी बहिनीहरुले जुनसुकै सीप सिकेको खण्डमा स्वदेशमा या विदेशमा राम्रो कमाइ गर्न सक्ने वताउदै आफुहरुले ४५ दिन सम्म तालिममा सिकाइने कुरालाई व्यवहारमा उतार्न सके नेपालमानै केही गर्न सक्ने बताइन । त्यस्तै ब्यूटिसियन तालिमका संयोजक तथा वडा नं १० का सदस्य नरदेवी गुरुङले अघिल्लो वर्षहरुमा पनि महिला दिदी बहिनीहरुलाई ब्यूटिसियन तालिमहरु प्रदान गर्दै आइरहेको र आगामी दिनमा पनि आधारभुत मात्र नभइ डिप्लोमा लेभलको ब्यूटिसियन तालिम समेत आफुहरुले सञ्चालन गर्ने प्रतिवद्धता ब्यक्त गरिन । सोमबारदेखी सञ्चालन भएको तालिममा वडा भित्रका २५ जना महिलाहरुको सहभागीता रहेको वडा सचिव दमयन्ती पराजुलीले जानकारी दिइन ।

# लालबहादुर चण्डेश्वरी ढेवाजु स्मृति संगीत पुरस्कारबाट मीरा राणा र प्रा.डा.ध्रुवेश चन्द्र रेग्मी सम्मानित हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

संगीत प्रशिक्षण केन्द्र पोखराद्वारा संचालित लालबहादुर चण्डेश्वरी ढेवाजु स्मृति पुरस्कार २०७८ बाट प्रसिद्ध गायिका मीरा राणा र २०८० बाट संगीतकार प्रा.डा. ध्रुवेश चन्द्र रेग्मीलाई सम्मान गरिने भएको छ । केन्द्रको बैशाख २१ गते बसेको बैठकले उक्त निर्णय गरेको हो ।

आउँदो जेठ १२ गते, शनिबार एक समारोहका विच यस पुरस्कारबाट नेपाली संगीतको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउनु भए बापत मीरा राणाज्यू र शास्त्रीय संगीतमा महत्वपूर्ण योगदान पुऱ्याउनु भए वापत प्रा.डा. ध्रुवेश चन्द्र रेग्मीज्यूलाई सम्मानित गरिने कार्यक्रम रहेको छ । केन्द्रका संस्थापक अध्यक्ष स्व. लाल बहादुर ढेवाजूको स्मृतिमा उहाँकी धर्मपत्नी चण्डेश्वरी ढेवाजूले एक अक्षयकोष खडा गरि लालबहादुर ढेवाजूको स्मृतिमा "लालबहादुर ढेवाजु स्मृति संगीत पुरस्कार" संचालन गर्ने जिम्मेवारी यस केन्द्रलाई प्रदान गर्नु भएकोमा २०५५ बाट प्रत्येक दुई वर्षमा एक पटक यो पुरस्कार प्रदान गर्दै आइरहेको छ ।
यस पुरस्कारबाट स्व. सरोजगोपाल बज्राचार्य, स्व. कल्याण शेरचन, बाबा राणा, अमृत गुरुङ, रामभक्त जोजिजू, स्व. धनबहादुर गायक तथा श्यामलाल श्रेष्ठ सम्मानित भैसक्नु भएको छ । पुरस्कारकी संस्थापिका चण्डेश्वरी ढेवाजुको देहावसान पछि उहाँकी सुपुत्रीहरु श्रीमती सरस्वती श्रेष्ठ र श्रीमती विजयालक्ष्मी मल्लबाट आफ्ना पिता माता दुवैको स्मृतिमा रु नौ लाखको अक्षयकोष खडा गरी "लाल बहादुर चण्डेश्वरी ढेवाजु स्मृति संगीत पुरस्कार" गठन गरि २०६९ बाट यो पुरस्कार प्रदान गरिँदै आएको केन्द्रका अध्यक्ष गौतम विजुक्छेले जानकारी दिनुभयो । यस पुरस्कारबाट नेपाली संगीतका शिखर पुरुष स्व. अम्बर गुरुङ, सुप्रसिद्ध गायक तथा संगीतकार दीप श्रेष्ठ तथा सुप्रसिद्ध संगीतकार रन्जीत गजमेर र नृत्याङ्गना/अभिनेत्री मिथिला शर्मा सम्मानित भइसक्नुभएको छ। हाल यस पुरस्कारको राशी रू. एक लाख एक, दोसल्ला र सम्मान पत्र रहेको छ।

# जलारी दिदीबहिनीको ३ दिने उद्घोषण तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख



जलारी दिदीबहिनी समुह पोखरा ६ को आयोजना तथा स्वतन्त्र पत्रकार संघ नेपाल कास्की शाखाको प्रशिक्षक सहयोगमा भएको उद्घोषण, नेतृत्व विकास तथा माइन्युट लेखन सम्बन्धि तालिम सोमबार सम्पन्न भयो ।

शनिबार देखि संचालन भएको तालिमको समापन गर्दै कार्यक्रमकी प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. ६ की वडा सदस्य शोभा जलारीले जलारी समुदायका महिला पछि पर्नुको मुख्य कारण नै नेतृत्वमा आउन नसक्नु रहेको वताउँदै नेतृत्वमा आउन उद्घोषण कला र नेतृत्व विकास तालिम अपरिहार्य रहेको वताइन । सो अवसरमा स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाटले स्वतन्त्र पत्रकार संघ कास्कीले लक्षित वर्गका समुदायमा निशुल्क रुपमा प्रशिक्षकहरु उपलब्ध गराउँदै आएको वताउँदै कुनै पनि संघ संस्थाले आग्रह गरेमा सहयोग गर्न तयार रहेको वताए । कार्यक्रममा हर्पन फेवा मत्स्य सहकारी संस्थाका सल्लाहकार रामचन्द्र जलारी, फेवा आमा समुह अध्यक्ष सीता जलारी, राधा ढकाल, कृष्ण क्षेत्री, पितम सेन, प्रशिक्षार्थीहरु क्रिष्टिना जलारी, खुशी जलारी, कुमारी आले जलारी, कुमारी मगर जलारी लगायतले आफ्ना अनुभव वताए ।

तालिममा पोखरा ६ बैदाम र पोखरा १८ खपौदीका ३० जना महिला दिदीबहिनीहरु सहभागी भएका थिए भने स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाट, सचिव रजनी तामाङ, कोषाध्यक्ष राधा ढकाल, सदस्यहरु गणेश वज्र लामा र अल्चना श्रेष्ठ, पत्रकार तथा पर्यटन व्यवसायी कृष्ण क्षेत्री, वेभपेज नेपालका पितम सेन, स्वतन्त्र पत्रकार डिल्लीराम कार्कीले प्रशिक्षण दिएका थिए ।

समुहका अध्यक्ष मिना जलारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष संचिता जलारी र संचालन दिपा जलारीले गरेकी थिइन ।

# पर्यटकीय अपराध सम्वन्धि सचेतना मुलक कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरको आयोजनामा साईवर अपराध सम्वन्धि सचेतना मुलक कार्यक्रम सम्पन्न भएको छ ।

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र बगरले माछापुच्छ्रे गाँउपालिका-२ स्थित माछापुच्छ्रे माविमा साईवर अपराध सम्बन्धि सचेतना मुलक कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा माछापुच्छ्रे माविमा अध्ययनरत कक्षा ९ र १० का विद्यार्थी सहित अभिभाक गरी १ सय ५० जनाको सहभागिता रहेको सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा वगरका अध्यक्ष रामप्रसाद अधिकारीले जानकारी दिए ।कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्कीका सामुदायिक शाखा प्रमुख वरिष्ठ नायव निरीक्षक होतबहादुर रोकाहाले सहजिकरण गरेका थिए ।

कार्यक्रममा साईवर अपराधको परिचय, साईवर अपराधका प्रकार, किशोर अवस्थामा संभावित जोखिमहरु, साईबर अपराध सम्बन्धी कानुनी ब्यवस्था, उजुरी निवेदन तथा जाहेरी, ईन्टरनेट तथा सामाजिक सञ्जालको दुरुपयोग गरेमा हुने सजायँ, कास्की जिल्लामा आएका साईवर सम्बन्धी समस्याहरुका वारेमा जानकारी गराइएको थियो ।


माछापुच्छ्रे माविका प्राचार्य सन्तोष आचार्यले विद्यार्थीका लागि प्रशिक्षण कार्यक्रम फलदायी भएको बताए । कार्यक्रम संयोजक कमल प्रसाद बास्तोलाले कार्यक्रमका विषयमा प्रकाश पारेका थिए ।

# पर्यटकीय....

ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष धर्मराज पन्थीलगायत पर्यटन व्यवसायीले निर्माण कार्यको अवलोकन गर्नुभएको हो । पोखरा पर्यटकीय राजधानी घोषणा भइसकेको अवस्थामा पर्यटकको बसाइ लम्ब्याउने किसिमका पर्यटकीय पूर्वाधार आवश्यक रहेका अवस्थामा बन्न लागेको यस पदमार्ग बहुउपयोगी बन्ने टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले बताउनुभयो ।

"पोखरामा पर्यटकको बसाइ लम्ब्याउने किसिमका पूर्वाधार बन्नु अपरिहार्य छ", उहाँले भन्नुभयो, "भ्यु फेवा, राउन्ड फेवा पदमार्ग पोखराको पर्यटनमा महत्वपूर्ण हुने हामीले विश्वास लिएका छौं ।" पदमार्ग निर्माणसँगै पोखरामा आएका जो कोही पर्यटकले छोटो समयमा हिमाल, ताल, र पोखराबजारको दृश्यावलोकन गर्दै पदयात्रा गर्न पाउने छन् । पोखरालाई आधार बनाएर आसपासका अन्नपूर्ण आधार शिविर पदमार्ग, मर्दी हिमाल पदमार्ग, घोरेपानी, पुनहिल आदि पदमार्गमा यात्रा गर्न जाने पदयात्रीका लागि पनि पूर्वअभ्यासका लागि यो पदमार्ग उपयोगी बन्ने विश्वास लिइएको छ । यस पदमार्गलाई ड्याम साइडदेखि रानीवन, मेवाखोला हुँदै मार्गीसम्म पुऱ्याउने लक्ष्य लिइएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# जसपा विभाजनसंगै बैकल्पिक गठबन्धनमा धक्का

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालबाट छुट्टिएर बनेको अशोक राई नेतृत्वको जनता समाजवादी पार्टीलाई निर्वाचन आयोगले मान्यता दिएको छ । राईसहित प्रतिनिधि सभाका ७ जना सांसदहरूले नयाँ दर्ताका लागि आइतबार आयोगमा निवेदन दिएका थिए । राजनीतिक दलसम्बन्धी ऐन २०७३, राजनीतिक दलसम्बन्धी नियमावली २०७४ र प्रचलित संघीय कानून बमोजिमका कानूनी प्रावधान पालना गर्ने सर्तमा उक्त दल दर्ता गरिएको निर्वाचन् आयोगले प्रष्टीकरण दिएको छ ।

'राजनीतिक दलसम्बन्धी ऐनको दफा ३३ र नियमावलीको नियम ५ बमोजिम जनता समाजवादी पार्टी (जनता समाजवादी) नामक राजनीतिक दल दर्ता गरी आयोगको दल दर्ता किताबमा अभिलेखीकरण गर्ने निर्णय भएको छ । आयोगले यो अभिलेखको विवरण संघीय संसद सचिवालय, सबै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालय र उपेन्द्र यादव नेतृत्वको जसपा नेपाललाई पनि पठाउने निर्णय गरेको आयोगका प्रबक्ताले जानकारी गराएका छन।सांसद र केन्द्रीय समितिबाट बिभाजन गरे पनि प्रदेश र स्थानीय तहबाट कोको छुट्टीनु हुन्छ बल्ल थाहा हुन्छ ।

जसपा विभाजनबाट तर्सिएको नेकपा एकीकृत समाजवादी हो।बैकल्पिक गठबन्धन बनाउन सकृय नेकपा एसका  अध्यक्ष माधव नेपालले यही गठबन्धनलाई निरन्तरता दिने कुरामा आफू प्रष्ट रहेको पार्टीको बैठकमा ब्रिफिङ गरेका छन् । सोमबार बसेको संसदीय दलको बैठकमा गठबन्धनमा आबद्ध दलबाट आफ्नो पार्टीलाई भएको व्यवहारको विषयमा आफूले प्रष्ट राख्दै आएको तर अर्को गठबन्धन बनाउन नलागेको बताएका थिए।प्रधानमन्त्री बन्ने काङग्रेसको आश्वासन पछि डुङ्गामा प्वाल पार्न लागेका थिए ।

जसपा विभाजनले सबै योजना तुहेको छ। हामी अहिले गठबन्धनमा छौँ त्यहाँ हामीले हाम्रो सबै विषय प्रष्ट राख्छौँ । अब गठबन्धनलाई निरन्तरता दिने कुरामा प्रष्ट छौं । हामीले अहिले यो छाड्ने कुरा गरेका छैनौँ भन्दै सफाई दिने अवस्था आउनु नगदी प्रधानमन्त्रीको लोभले हो । काङ्गेसले माधव नेपाल र उपेन्द्र यादवलाई बोकेर पुष्प कमल दाहाल प्रचण्डको सरकार ढाल्ने योजना पनि तत्काललाई विफल भएको छासत्ताबाट हटेको एक महिना हुन नपाउदै सरकार ढाल्ने काङ्गेसको सत्तामोहले राजनीतिलाई  बदनाम बनाएको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : शुभ यात्रा | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# भूकम्पले क्षति पुऱ्याएको अर्लाङ्दी मन्दिर जीर्णोद्धार

**पोखरापत्र संवाददाता**
गोरखा, २४ बैशाख

भूकम्पले क्षति पुऱ्याएको गोरखाको सहिद लखन गाउँपालिका-४ स्थित ताक्लुङमा रहेको अर्लाङ्दी मन्दिरको जीर्णोद्धार सम्पन्न भएको छ ।

राष्ट्रिय पुरातत्व विभागले विनियोजन गरेको रु ३४ लाख ५९ हजारको लागतमा सो मन्दिर जीर्णोद्धार गरिएको अर्लाङ्दी मन्दिर लेखा तथा सुपरीवेक्षण समितिका संयोजक ध्रुव खनालले जानकारी दिनुभयो । विसं २०७२ वैशाख १२ गते बारपाक केन्द्रविन्दु भएर गएको विनाशकारी गोरखा भूकम्पले पुरातात्विक तथा ऐतिहासिक महत्व बोकेको उक्त मन्दिर पूर्णरुपमा क्षति भएको थियो । विभागले आर्थिक वर्ष २०७९/८० मा विनियोजन गरेको बजेटबाट मन्दिर जीर्णोद्धार गरिएको हो । मन्दिर जीर्णोद्धार गर्न पुरातत्व विभागले भक्तपुरको 'एमबी एण्ड सन्स कन्स्ट्रक्सन'सँग ठेक्का सम्झौता गरेको थियो । "पुरातत्व विभागले विनियोजन गरेको बजेटबाट मूल मन्दिरको साविकको स्वरुप नै कायम रहने गरी जीर्णोद्धारको काम सकिएको छ, त्यसबाहेक मन्दिर वरपरको व्यवस्थापनलगायतका काम भने मन्दिर संरक्षण समितिले आफँ गरिरहेको छ", संयोजक खनालले भन्नुभयो ।

अर्लाङ्दी मन्दिर त्यस क्षेत्रको प्रमुख धार्मिक आस्थाको केन्द्र हो । प्रसिद्ध मनकामना मन्दिरको दिदीबहिनी रहेको विश्वास गरिने अर्लाङ्दी मन्दिर सयौँ वर्ष पुरानो रहेको मानिन्छ । "पुरातत्व विभागले गर्ने काम सबै सकिएको छ, मन्दिर बाहिर पहिरोले क्षति पुऱ्याएको थियो, अहिले पहिरो उकास्नेलगायतका काम धमाधम संरक्षण समितिले गर्दैछ", उहाँले भन्नुभयो । संरक्षण समितिले चन्दा सङ्कलन गरी मन्दिरको संरक्षणका साथै बाटो र धारा निर्माणको काम गरिरहेको छ । मन्दिर जीर्णोद्धार सम्पन्न भएसँगै ताक्लुङमा धार्मिक पर्यटकलाई जोड्न सकिने वडाध्यक्ष यामबहादुर थापाले विश्वास व्यक्त गर्नुभयो ।

# संरक्षण थालिएको ताल नै सुकेपछि...

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ बैशाख

बागलुङको काठेखोला गाउँपालिका-४ तङ्ग्रामस्थित खोरताल पाँच वर्ष अगाडिसम्म पानीले भरिभराउ थियो । तालको बीचमा जमेको पानी बाह्रै महिना रहन्थ्यो । तर अहिले तालमा पानी होइन कमिला डुल्छन् । गाउँमा जथाभावी सडक निर्माण र तालमा डोजर लगाएपछि पानी रित्तिएको हो । तङ्ग्राम गाउँका शिरमा रहेको खोरताल संरक्षण गर्ने भन्दै आर्थिक वर्ष २०७९/८० काठेखोला गाउँपालिकाले डोजर लगाएर कङ्क्रिटको पर्खाल लगाएको थिए । त्यसपछि ताल पानीविहीन भएको स्थानीय गङ्गाबहादुर किसानले बताउनुभयो । गाउँलेलेताललाई परम्परागत रुपमा संरक्षण गर्दै आएको सुनाउँदै सिमेन्टको पर्खालका कारण ताल सुकेको उहाँले बताउनुभयो । धार्मिक महत्वसँग जोडिएको यो तालमा पहिले-पहिले स्थानीयले पूजाआजासमेत गर्ने गरेको भन्दै अहिले त्यो पनि हराएको छ । तालमा एकाएक पानी सुक्न थालेपछि स्थानीय अचम्मित बनेका छन् । अहिले बाहिरबाट पानी लिएर हाल्ने स्थिति आएको किसान बताउनुहुन्छ । दुई वर्ष अगाडि तालमा ४० प्रतिशत पानी रहेको उहाँको भनाइ छ। "यहाँ ठूलो पानीको ताल थियो, गाउँले यहीँ पानी भर्ने गर्थे, पहिले-पहिले भैँसी राँगा डुबेपछि कोही पनि तालभित्र पस्दैनथे, तर अहिले तालमा धुलो उड्छ, किन यस्तो भयो हामीहरू निकै अचम्मित भएका छौँ, हिउँमा अलिअलि पानी घट्यो तर यस्तो सुक्खा कहिल्यै पनि परेका थिएन", किसानले भन्नुभयो, "यो ताल निकै सुन्दर थियो, पानी सफा हुन्थ्यो, हामी सानो हुँदा पानी भरेर खान्थ्यौँ, हावाले पात ल्याएर खसाले पनि चराले सफा गर्थ्यो, अहिले त धुलाम्मे बनेको छ, यहाँ पालिकाबाट योजना पऱ्यो, योजनाबाट यहाँ सिमेन्टको पर्खाल लगाउने काम भयो, त्यसपछि पानी पूरै सकेर सकियो ।" स्थानीय दिलमाया किसानले ताल सुकेपछि वरपर खानेपानीको समस्या बढेको बताउनुभयो । आफू यो ठाउँमा आएको २५ वर्ष भएको सुनाउँदै यतिका समयसम्म खानेपानी अभाव नभएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "यस्तो त कहिलै भएको थिएन, म यहाँ आएको पनि साढे दुई दशक बित्यो तालमा पानी सुकेको कहिल्यै थिएन, अहिले तालमा एक थोपा पनि पानी छैन ।"

काठेखोला गाउँपालिका-४ का अध्यक्ष लक्ष्मण पुनले जलवायु परिवर्तनका कारण ताल सुकेको हुनसक्ने बताउनुभयो । तालसँगै गाउँमा भएका थुप्रै पानीका मुहान सुकेको उहाँको भनाइ छ ।

ताल सुन्दर र पर्यटकीय सम्भावना बोकेको हुँदा गाउँपालिकाले रु ३० लाख लगानी गरे संरक्षण गरेको उहाँ बताउनुहुन्छ । पहिले हिउँद बर्खा पानी रहने ताल अहिले सुक्खा बनेको अध्यक्ष पुनको भनाइ छ ।

"यो धेरै वर्ष पुरानो ताल हो, पर्यटकीय हिसाबले यसको प्रचारप्रसार, संरक्षण र सौन्दर्यकरण गर्न जरुरी थियो, सोहीअनुसार बजेट व्यवस्थापन गरेर काम गरेका थियौँ, तर अहिले तालमा पानीनै सुक्यो", अध्यक्ष पुनले भन्नुभयो, "तालसँगै अन्य ठाउँमा भएको खानेपानीको मुहानसमेत सुकेको छ, जलवायु परिवर्तनको प्रत्यक्ष असर यहाँ परेको देखियो ।"

# स्वास्थ्यचौकी भवन निर्माण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

पालुङ्टार नगरपालिका-८ स्थित धुवाँकोटमा रहेको धुवाँकोट स्वास्थ्यचौकीको भवन निर्माण सम्पन्न भएको छ ।

भारत सरकारको अनुदान सहयोगमा रु एक करोड ९९ लाख ५५ हजार नौ सय ४९ (भ्याटबाहेक) को लागतमा सो स्वास्थ्य चौकी भवन निर्माण गरिएको हो । भूकम्पले क्षति पुगेको स्वास्थ्य चौकी राष्ट्रिय पुनःनिर्माण प्राधिकरण केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (भवन)मार्फत भवन निर्माणको काम सम्पन्न भएको स्वास्थ्यचौकीका प्रमुख लक्ष्मणबाबु श्रेष्ठले जानकारी दिनुभयो ।

"नवनिर्मित भवन आठ कोठाको रहेको छ, स्वास्थ्यचौकी भवनमा रहेका चार कोठामा भने भित्र नै शौचालयको व्यवस्था रहेको छ, भवनको बाहिर अपाङ्गगतामैत्री शौचालय निर्माण भएको छ", उहाँले भन्नुभयो। विसं २०७९ माघमा निर्माण सम्पन्न गर्नुपर्ने स्वास्थ्यचौकी भवन ढिलोगरी भर्खरै मात्र सम्पन्न भएको हो। भवन निर्माणका लागि तत्कालीन जिल्ला आयोजना कार्यान्वयन एकाइ (गोरखा)ले खानी निर्माण सेवा प्रालिसँग विसं २०७८ असारमा ठेक्का सम्झौता गरेको थियो । "स्थानीयस्तरबाट चन्दा सङ्कलन गरेर निर्माण गरिएको सामान्य भवनबाट अहिले स्वास्थ्य उपचार सेवा प्रदान गरिँदै आएको छ, अहिले बनेको स्वास्थ्य चौकी भवन सुविधासम्पन्न रहेको छ", प्रमुख श्रेष्ठले भन्नुभयो ।

उक्त स्वास्थ्यचौकीमा पालुङ्टार नगरपालिका-६, ७ र ८ का साथै गोरखा नगरपालिका-१४ का नागरिक स्वास्थ्य उपचारका लागि पुग्ने गर्दछन् । पाँच स्वास्थ्यकर्मीको दरबन्दी रहेको स्वास्थ्यचौकीमा अहिले चार स्वास्थ्यकर्मीले स्वास्थ्य उपचार सेवा दिइरहेका छन् । "साँघुरो भवनबाट उपचार सेवा प्रदान गर्नुपर्दा स्वास्थ्य मापदण्डअनुसार बिरामीलाई सेवा दिन कठिनाइ भइरहेको थियो, मापदण्डअनुसारको भवन निर्माण भए पनि अब न्यूनतमरुपमा दिनुपर्ने सेवा दिनका लागि पनि सजिलो हुने भएको छ", उहाँले भन्नुभयो ।

धुवाँकोट स्वास्थ्यचौकीबाट खोप कार्यक्रम, एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम, स्वास्थ्य शिक्षा तथा पोषण, परिवार नियोजन, सुरक्षित मातृत्वलगायतका अन्य आधारभूत स्वास्थ्य उपचार सेवा नागरिकलाई उपलब्ध गराइँदै आएको छ । नवनिर्मित स्वास्थ्यचौकी भवन यही वैशाख २९ गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गर्ने कार्यक्रम तय भएको छ ।

# सेनवंशी राजाले प्रयोग गरेको तोप संरक्षणको पर्खाइमा

**पोखरापत्र संवाददाता**
दमौली, २४ बैशाख

तनहुँको व्यास नगरपालिका-११ स्थित ऐतिहासिक तनहुँसुर दरबारमा रहेको तोप संरक्षणको अभावमा जीर्ण बन्न थालेको छ । दरबार परिसरमा रहेको उक्त तोप संरक्षणको पर्खाइमा रहेको छ ।

सत्रौँ शताब्दीमा सेनवंशीय राजाले प्रयोग गरेको उक्त तोपको संरक्षण गर्नुपर्ने स्थानीय मदन आलेले बताउनुभयो । उहाँले भन्नुभयो, "प्राचीन अवस्थादेखि नै तोप जीर्ण अवस्थामा रहेको छ । यसको संरक्षण गर्नु अत्यावश्यक भइसकेको छ ।" ऐतिहासिक सम्पदालाई जोगाउनुपर्नेमा जोड दिँदै आलेले सत्रौँ शताब्दीमा नै यसको प्रयोग भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "इतिहासको संरक्षण र सम्बर्द्धन गर्नुपर्छ । यस्ता वस्तुको संरक्षण गरेर यहाँ घुम्न आउने पर्यटकलाई र भावि पुस्तालाई यसबारे जानकारी गराउनुपर्छ ।" तनहुँसुर घुम्न आउने पर्यटकले तोपलाई उचाल्ने, पछार्ने, पल्टाउने काम गर्न नहुने आलेले बताउनुभयो । उहाँले भन्नुभयो, "तस्बिर खिच्ने क्रममा तोपलाई चलाउने, पल्टाउने काम गरिदिन भएन । स्थानीय सरकारले यसको संरक्षणको पहल गर्नुपर्छ । यसले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउनेछ ।"

उक्त तोपमा केही दिन अगाडि क्षति पुगेको थियो । तोप तोडफोड भएको जस्तो अवस्थामा भेटिएको वडाध्यक्ष दलबहादुर दुराले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "तोपलाई हल्लाउने, चलाउने गरेर क्षति पुगेको स्थानीयवासीबाट जानकारी पाएको छौँ ।" तोपलाई सुरक्षित राख्नका लागि परिसर आसपासमा तारबार गर्नुपर्ने स्थानीयले माग गरिरहेका वडाध्यक्ष दुराले बताउनुभयो । तत्कालका लागि बजेट अभाव रहेको भन्दै यस विषयमा सरोकारवाला निकायसँग छलफल गरिने उहाँले बताउनुभयो ।

तनहुँसुर सेनवंशीय राजाले राज्य सञ्चालन गरेको ठाउँ हो । तनहुँ जिल्लाको नाम तनहुँसुरबाट अपभ्रंश भएर रहेको भन्ने किंवदन्ती छ । पाल्पाका राजा मणिमुकुन्द सेनले आफ्ना जेठा छोरा भृङ्गीसेनलाई सन् १६१० मा तनहुँमा राज्य सञ्चालन गर्न पठाएको र उनी पछिका आठ सेनवंशी राजाले दुई सय ३० वर्ष तनहुँसुरबाट राज्य सञ्चालन गरेको इतिहास रहेको छ । तनहुँसुर दरबारका अवशेष, राजपरिवारले प्रयोग गरेका किल्ला र गढीहरु, धारा, तोप तथा अन्य हातहतियार, बारुदीखाना, राजाले न्याय निसाफ तथा कचहरी सञ्चालन गर्ने गद्दीचौतारा, साउने कुवा, कुँडापानी, बाइससिँढी चौतारी, ढुङ्गेसाँगु, फूलपाती ढुङ्गा, रानीपोखरी, धर्मशाला, रानीबगैँचा, भगवतीपानी मन्दिर यहाँका पर्यटकीय सम्पदा हुन् ।

सन् १६७५ तिरका पाल्पाका शक्तिशाली राजा मुकुन्दसेनले तनहुँसुरलाई आफ्नो राज्यमा मिलाएका थिए । राजा मुकुन्दसेनको मृत्युपरोणान्त तनहुँ प्रदेशका प्रशासक छोरा भृङ्गीसेनले तनहुँलाई स्वतन्त्र राज्य घोषणा गरेका थिए । भृङ्गीसेनका छोरा हम्बिर सेन र धर्माङ्गद सेनबीच तनहुँ राज्यको उत्तराधिकारी को हुने भन्ने विषयमा विवादसमेत भएको जानकारहरु बताउँछन् । तनहुँसुरमा हालैमात्र खड्ग कालिका मन्दिरको पुनःनिर्माणसम्पन्नभएकोछ।पुरातत्व विभागको आर्थिक सहयोगमा विसं २०७८ चैतदेखि पुनःनिर्माण सुरु भएको ऐतिहासिक महत्वको खड्ग कालिका मन्दिरको काम सकिएर उद्घाटन गरिसकिएको छ । यहाँ रहेको दरबारको विसं २०७६ मा पुरातत्व विभागले उत्खनन् गरेको थियो। सोही दरबारको नजिकै रहेको खड्गदेवी मन्दिरको पुनःनिर्माण गरिएको हो ।     केही समय अगाडिसम्म ओझेलमा रहेको तनहुँसुर अहिले पर्यटकीयस्थलका रुपमा विकास हुन थालेको स्थानीय सञ्जय श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार यहाँ सामुदायिक घरबास सञ्चालनमा आएको छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक एवं प्राकृतिक सम्पदा तथा जैविक विविधताको संरक्षण गर्दै तनहुँसुर भ्रमण गर्न आउने आन्तरिक एवं बाह्य पर्यटकका लागि खाना तथा आवासको सहज व्यवस्थापन देवस्थल सामुदायिक घरबास सञ्चालनमा आएको छ । विकास र व्यापारको खोजीमा तनहुँसुरका नेवार समुदाय दमौली, चितवन, पोखरा, काठमाडौँलगायतका ठाउँमा बसाइँ सरेर गएका थिए । तनहुँसुरबाट हिमशृङ्खला, महाभारत पर्वत शृङ्खला, कलेस्तीफाट, चुँदीफाट, गोरखा तथा कास्की जिल्लाका विभिन्न स्थान अवलोकन गर्न सकिन्छ ।

# आगोले जलेर आमाछोराको मृत्यु

**रासस**
काठमाडौं, २४ बैशाख

आगोले जलेर सिद्धिचरण नगरपालिका-१० बेतेनीमा आमाछोराको मृत्यु भएको छ ।

आज मध्यान्हको समयमा हरिबोले बसाहा सामुदायिक वनको डढेलो खरबारीमा प्रवेश गरेपछि खर जोगाउने क्रममा ५५ वर्षीया पुन्यमाया धमला र उहाँका छोरा १५ वर्षीय कञ्चन धमलाको घटनास्थलमै ज्यान गएको हो ।

बाहुनडाँडा कोल पाखामा निजी खरपाखामा राखिएको खर घाँस जोगाउने क्रममा सुरुमा आमा आगोमा परेको र आमालाई जोगाउन जाँदा छोराको समेत जलेर ज्यान गएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका प्रहरी निरीक्षक बालिष्टार सिंहले बताउनुभयो ।

घटनास्थलमा प्रहरी परिचालन गरिएको र थप विवरण आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । केही दिनअघि देखि स्थानीय जङ्गलमा डढेलो लागेको थियो । अहिले जिल्लाका विभिन्न स्थानमा डढेलो लागिरहेको छ ।

# राष्ट्रिय फुल कन्ट्याक्ट कराते प्रतियोगिता सुरु

**रासस**
काठमाडौं, २४ बैशाख

नेपाल क्योकुसिन कराते डो सङ्घको आयोजनामा १८औँ राष्ट्रिय पुरुष तौल समूह तथा १७औँ राष्ट्रिय महिला खुला फुल कन्ट्याक्ट कराते प्रतियोगिता सोमबारदेखि सुरु भएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङले आज यहाँ आयोजित एक कार्यक्रमबीच प्रतियोगिताको उद्घाटन गर्नुभयो । प्रतियोगितामा सात प्रदेश, नेपाल आर्मी र एपीएफ गरी नौ टिमका ८० खेलाडीको सहभागिता रहेको आयोजकले जनाएको छ । पुरुषमा चार र महिलामा ए गरी पाँच स्पर्धामा प्रतिस्पर्धा भइरहेको आयोजक समितिका अध्यक्ष जगतप्रसाद गौचनले जानकारी दिनुभयो ।

त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा आज भएको पहिलो दिन पुरुष ७० किलो तौल समूहमा आर्मीका विकास गुरुङ, आईकेओका अमित महर्जन, एपीएफका अजय तामाङ, क्योकुसिनका विशाल सुनुवार, केडब्लुडब्लुका सरोज श्रेष्ठ, क्योकुसिन कानका रवीन्द्र बुढाथोकी, सो क्योकुसिनका सागर श्रेष्ठ र एपीएफका पेम्बा छिरिङ तामाङ क्वाटरफाइनलमा प्रवेश गरेका छन् । पुरुष ५० किलो तौल समूहमा एपीएफका सुनिल तामाङ, क्योकुसिन वज्रका विज्ञान तोलङ्गे, आइकेकेएफका सुशील अधिकारी, आइकेओका दीपेन्द्र रोकाय, क्योकुसिन वज्रका हेमन्त बस्नेत, आइकेएका अनिल लोहार, आइकेकेएफका सुजन तामाङ र क्योकुसिन वज्रका सुसन लामा क्वाटरफाइनलमा पुगे ।

# अदुवा उत्पादक कृषक मारमा

पोखरापत्र संवाददाता
तनहुँ, २४ बैशाख

समयमा नै पानी नपरेपछि समय घर्किने भयले अदुवा उत्पादक कृषक चिन्तामा परेका छन् । बैशाख दोस्रो साताभित्र अदुवा लगाई सकिने भए पनि यस पटक पानी नपर्दा अदुवा लगाउन नसकिएको देवघाट-३ छिपछिपेका अदुवा उत्पादक कृषक रामबहादुर थापामगरले जानकारी दिनुभयो ।

अदुवा बिक्रीबाट गत वर्ष मात्रै करिब रु दुई लाख हाता पारे पनि यस पटक समयमा नै पानी नपर्दा चिन्ता थपिएको थापामगरको भनाइ छ । "समयमा पानी नपर्दा अहिलेसम्म अदुवा लगाउन पाइएन", थापामगरले भन्नुभयो, "समय घर्किएपछि लगाएको अदुवाले उत्पादन



दिँदैन । त्यसैले हामी कृषक चिन्तामा छौँ ।" आफूहरूको गाउँका करिब २० घरका मानिसले गत वर्ष अदुवा बिक्री गरेर प्रतिपरिवार रु ५० हजारदेखि दुई लाखसम्म हात पारे पनि यस पटक मकै गोड्ने बेलासम्म पानी नपर्दा चिन्ता थपिएको थापामगरको दुखेसो छ । अदुवा उत्पादनको लागि देवघाट, ऋषिङ, घिरिङ र भिमाद गाउँपालिकालाई पकेट क्षेत्र मानिन्छ । तनहुँमा उत्पादित अदुवाको बजार भारत हो । अदुवाको सुठो र गाठो किन्न भारतीय व्यापारी घरमै आउने भएकोले पनि आफूहरू अदुवा खेतीतर्फ आकर्षित भएको छिपछिपेका अर्का कृषक इन्द्रबहादुर रानाले बताउनुभयो । भारतीय व्यापारीले तनहुँ र नवलपरासीको पहाडी क्षेत्रबाट सङ्कलित अदुवा नवलपुरको दलदलेमा सङ्कलन डिपो राख्ने र त्यहाँबाट ट्रकमा भारत लैजाने गर्छन् । गत वर्ष प्रतिकिलोग्रामको करिब रु ७० देखि ८० मा अदुवा र बीउको करिब रु सयमा बिक्री गरेकोमा यस पटक पानी नपर्दा रोप्न नपाएको रानाको भनाइ छ ।

आर्थिक वर्ष २०७९/२०८० मा जिल्लामा पाँच सय २२ हेक्टर क्षेत्रफलमा अदुवा खेती गरिएकोमा पाँच हजार छ सय ५४ मेट्रिक टन उत्पादन भएको कृषि ज्ञान केन्द्र तनहुँका वरिष्ठ कृषि प्रसार अधिकृत गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो ।

केन्द्रले अदुवा उत्पादक कृषक समूह र सहकारीलाई बीउ खरिदमा ७५ प्रतिशतसम्म अनुदानको व्यवस्था गरे पनि पानी नपर्दा अदुवा रोप्ने कार्यक्रम प्रभावित भएको वरिष्ठ कृषि प्रसार अधिकृत लामिछानेले बताउनुभयो । "समयमा पानी नपर्दा अदुवा उत्पादक कृषक प्रत्यक्ष मारमा परेका छन्", वरिष्ठ कृषि प्रसार अधिकृत लामिछानेले भन्नुभयो, "केही दिन पानी नपरे खडेरीले अदुवा र मकै दुवै खेतीलाई असर पार्ने आंकलन गरेका छौँ ।"

# पोखरा-सेतीवेणी-रिडी सडकको ट्र्याक खुल्यो

पोखरापत्र संवाददाता
पर्वत, २४ बैशाख

पर्यटकीय राजधानी पोखराबाट डाँडैडाँडा पर्वतको सेतीवेणी हुँदै अर्को पर्यटकीय गन्तव्य गुल्मीको रिडीसम्म पुग्ने पोखरा-रिडी सडकको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ ।

कास्कीको पोखरा महानगरपालिका-२३ भदौरे तामागीस्थित ठूलो भिरमा खोलिएको नयाँ ट्र्याकको शनिबार काम सकिएसँगै ट्र्याक खुलेको हो । ट्र्याक खुलेसँगै पर्वतको विहादी गाउँपालिकामा पर्ने विश्वकै ठूलो शालिग्राम शिला भएको स्थान सेतीवेणीसम्म सीधा यातायात सञ्चालन गर्न सकिने भएको छ । पोखराबाट-पामे-भदौरे-राम्जा-आर्थर-कार्किनेटा-लुङ्खु-उरामपोखरा-सेतीवेणी-रिडी पुग्ने सडक ५६ दशमलव २१८ किलोमिटर लामो छ । सडकको अधिकांश भागमा ट्र्याक खुलिसकेको छ भने केही भागमा स्थानीय सरकारले कालोपत्रसमेत गरेका छन् । पोखराबाट उत्कृष्ट पर्यटकीय गन्तव्यमा परेका पर्वतका पञ्चासे, महाशिला, सेतीवेणी हुँदै रिडीसम्मको सडकलाई वैकल्पिक राष्ट्रिय राजमार्गको रुपमा आर्थिक वर्ष २०७७/७८ को बजेटमा समेत समेटिएको थियो । गत आवमा पनि सडक डिभिजन कार्यालय पोखरामार्फत रु दुई करोड बजेट विनियोजन भएर ट्र्याक खुलाउने काम भएको थियो । सडक डिभिजन कार्यालय पोखराका अनुसार यो सडक नालीसहित नौ मिटर चौडा हुनेछ भने सडकलाई पाँच मिटर चौडाइ मात्रै कालोपत्रे गरी दुवैतर्फ एक/एक मिटरको साइकल लेन बनाउने तयारी रहेको इन्जिनियर उज्ज्वल शर्माले बताउनुभयो । यो सडकमा १० देखि २० मिटर लम्बाइका साना १४ पुल बनाउनुपर्ने छ भने दुईदेखि छ मिटरसम्मका ११ आरसिसी स्लाब बनाउनुपर्छ । सबै सडकमा ह्युमपाइप कल्भर्ट दुई सय १४ छन् । पोखराबाट डाँडैडाँडा सेतीवेणीदेखि पोखरासम्म बन्ने भएकाले ठूला पुल तथा धेरै कल्भर्ट नपर्ने हुँदा यो सडक तुलनात्मक रुपमा सस्तोसमेत पर्ने सडक डिभिजन कार्यालय पोखराले जनाएको छ । सेतीवेणीदेखि पोखरासम्म डाँडैडाँडा सडक बनाउँदा पुल बनाउन नपर्ने र रिडी, शालिग्राम, महाशिला, डहरे, पञ्चासे र पोखराजस्ता धार्मिक र पर्यटकीय क्षेत्रसमेत पक्की सडक सञ्जालमा जोडिने भएकाले यसलाई पर्यटकीय सडकको रुपमा समेत विकास गर्न सकिने छ । पर्वतको सुदुर दक्षिणबाट मध्यभाग हुँदै उत्तरपूर्वी क्षेत्र जोड्ने सडक पर्वतको मेरुदण्डसमेत बन्ने छ । पर्वत जिल्लाका सात स्थानीय तहमध्ये छवटा स्थानीय तहलाई प्रत्यक्ष लाभान्वित हुने यो सडक पोखराको पर्यटकीय क्षेत्र लेकसाइड, पञ्चासे, डहरे, घण्टे, सिरुबारी, महाशिला शिला क्षेत्र, चिसापानी, पैयुकोट, गाल्र्याङ, सेतिबेनी र रिडीजस्ता प्रसिद्ध धार्मिक तथा पर्यटकीय क्षेत्र जोडिने भएका छन् । पोखराको लेकसाइडबाट साइकल चढेर गुल्मीको रिडीसम्म प्राकृतिक मनोरम वातावरणमा रमाउँदै पुग्न सकिन्छ । यो सडकअन्तर्गत कास्कीको भदौरे तामागी, चित्रे, आर्थर, खुम, लाम्तुन, दुक्तान, देउराली, गेप्ताङमा रेहका होमस्टेको प्रवर्द्धनका साथै मौलिक संस्कृति, चालचलन, रीतिरिवाजको जगर्ना गर्न समृद्ध ठूलो मद्दत पुग्ने राष्ट्रियसभाका पूर्वअध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले बताउनुभयो । बहुआयामिक महत्वको यो सडकलाई पूर्णता दिनका लागि सङ्घीय सरकार र प्रदेश सरकारलाई निरन्तर आग्रह गरिरहेको उहाँले बताउनुभयो ।

# मुस्ताङका च्याङ्ग्राको भुवा परीक्षण

सन्तोष गौतम
म्याग्दी, २४ बैशाख

मुस्ताङका कृषकले पालेका च्याङ्ग्राको भुवा (पश्मिना बनाउने कच्चा पदार्थ) को गुणस्तर परीक्षण गरिएको छ। अन्तर्राष्ट्रिय व्यापार केन्द्रले अन्तर्राष्ट्रिय पश्मिना विशेषज्ञ, कृषि अनुसन्धान परिषद्अन्तर्गतको नेपाल पशु प्रजनन तथा आनुवांशिक अनुसन्धान केन्द्र, नेपाल पश्मिना सङ्घ र च्याङ्ग्रा पश्मिना किसान सङ्घको समन्वयमा नेपालमै पहिलो पटक भुवाको परीक्षण गरेको हो ।

एक वर्षअघि मुस्ताङमा सङ्कलन गरेर मङ्गोलियामा रहेको अन्तर्राष्ट्रिय प्रयोगशालामा पठाइएको भुवाको गुणस्तर परीक्षणसम्बन्धी प्रतिवेदन केही दिनअघि प्राप्त भएको नेपाल पश्मिना उद्योग सङ्घका उपाध्यक्ष धनप्रसाद लामिछानेले जानकारी दिनुभयो ।

"विज्ञहरुको टोली मुस्ताङमा आएर भुवाको नमुना सङ्कलन गरी परीक्षणका लागि प्रयोगशालामा लैजानु भएको थियो", उहाँले भन्नुभयो "मुस्ताङका च्याङ्ग्राको भुवाको गुणस्तर पश्मिनाको कच्चा पदार्थको रुपमा प्रयोग गर्न उपयुक्त रहेको प्रतिवेदन प्राप्त भएको छ ।" परीक्षणपछि नेपालमा पश्मिनाको कच्चा पदार्थको भुवाको स्रोत रहेको अन्तर्राष्ट्रियस्तरमा सन्देश प्रवाह भएको, च्याङ्ग्रापालन बिस्तार र पश्मिना उद्योगको सम्भावना बढेको लामिछानेले बताउनुभयो। लोमान्थाङ,लोघेकरदामोदरकुण्ड, बारागुङ मुक्तिक्षेत्र र घरपझोङ गाउँपालिकाबाट च्याङ्ग्रा भुवाको आठ सय वटा नमुना सङ्कलन गरी परीक्षणका लागि लगिएको थियो। चार वटै पालिकाका एक सय ६० किसानहरुले पालेका पाँच/पाँच वटा फरक-फरक, भूगोल, तौल, रङ र उमेर समूहका च्याङ्ग्राको शरीरबाट भुवा निकालिको थियो । सङ्कलित नमूनालाई पश्मिनाको मोटाई र लम्बाई मापन गर्ने अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रयोगशाला तथा नेपाल गुणस्तर तथा नाप तौल विभागमा व्यावसायिक गुणस्तर परीक्षणका लागि पठाइएको अन्तर्राष्ट्रिय व्यापार केन्द्रका परामर्शदाता सिचन श्रेष्ठले बताउनुभयो । प्राप्त प्रतिवेदनले च्याङ्ग्राको नश्ल सुधार, गोठको संरचनालाई व्यवस्थित र आधुनिक बनाउन तथा भुवा निकाल्न आधुनिक काँइयोको प्रयोग गर्न कृषकहरुलाई सुझाव दिएको छ । प्रतिवेदनको सुझाव कार्यान्वयनका लागि कार्ययोजना बनाउन कृषक र स्थानीय तहका जनप्रतिनिधिसँग छलफल शुरु गरिएको पश्मिना उद्योगी सङ्घले जनाएको छ । लो-घेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष राजु विष्टले च्याङ्गापालनबाट कृषकहरुलाई मासुमा बिक्री र पश्मिनाका लागि भुवा उत्पादन गरेर दोहोरो लाभ लिने सम्भावना रहेको बताउनुभयो। च्याङ्ग्रापालनलाई थप व्यावसायिक, आधुनिकीकरण र सङ्ख्या वृद्धि गर्न पहल गरेको अध्यक्ष बिष्टले बताउनुभयो । प्राकृतिक रुपमा विरलै उत्पादन हुने च्याङ्ग्राको भुवाबाट मात्रै प्रत्येक वर्ष सानो परिमाणमा उत्पादन गरिने पश्मिनाको व्यावसायिक माग बढ्दो छ। राम्रो गुणस्तरको च्याङ्ग्रा पश्मिनाका लागि आकर्षक मूल्य तिर्न नेपाली खरिदकर्ता तयार भएकाले च्याङ्ग्रापालक कृषकहरुले राम्रो आम्दानी गर्न सक्ने सम्भावना छ ।

नेपालबाट विदेश निर्यात हुने प्रमुख वस्तु पस्मिना बनाउन च्याङ्ग्राको भुवा प्रशोधन गराएर बनाएको धागो कच्चा पदार्थका रुपमा प्रयोग हुन्छ । नेपाल पश्मिना उद्योग सङ्घका अनुसार नेपालबाट वार्षिक रु तीन अर्बको पस्मिना निर्यात हुन्छ भने वार्षिक एक सय ९५ टन पस्मिना बनाउन आवश्यक भुवाको धागो आयात हुन्छ । आयात घटाउन मुस्ताङ, मनाङ, डोल्पा, मुगु, हुम्लालगायत जिल्लाका कृषकबाट पछिल्लो दुई वर्षयता च्याङ्ग्राको भुवा खरिद गर्न थालिएको पश्मिना उद्योगी भिम शेरचनले बताउनुभयो ।

बजारको सुनिश्चितता नभएकाले मुस्ताङका कृषकले यसअघि ऊन निकाल्ने गरेका थिएनन् । शरीरबाटै झरेर खेर जाने गरेको थियो । तीस प्रतिशतको हाराहारीमा ऊन निकाले पनि बजार नपाउने समस्या थियो । नेपाल फाइवर प्रोसेसिङ उद्योगले लोमान्थाङमा भुवा सङ्कलन र काठमाडौँमा प्रशोधन केन्द्र स्थापना गरेको छ । वैशाख-जेठ महिनामा च्याङ्ग्राको शरीरबाट भुवा निकाल्ने याम हो। भुवा निकाल्ने सीप र नयाँ प्रविधि हस्तान्तरणका साथै तालिम प्रदान गरिएको छ। च्याङ्ग्राको भुवा पस्मिनाका लागि 'क' श्रेणीको कच्चा पदार्थ हो । भेडा र चौरीको तुलनामा च्याङ्ग्राको भुवालाई गुणस्तरीय मानिएको छ । मुस्ताङको मुक्तिनाथ, कागबेनी, छुसाङ, जोमसोम, चैले, घमी, चराङ, लोमान्थाङलगायतका ठाउँका कृषकहरुले व्यावसायिक च्याङ्ग्रापालन गरेका छन् । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मुस्ताङका अनुसार यी स्थानमा ५२ हजार च्याङ्ग्रा पालिएको छ ।

# डढेलोले वातावरण प्रदूषित

पोखरापत्र संवाददाता
बागलुङ, २४ बैशाख

वैशाख लागेदेखि बागलुङका जङ्गलमा दैनिकजसो आगलागी भएको छ । प्रहरीको तथ्याङ्कमा वैशाखमा मात्रै २७ वटा जङ्गलमा आगलागी भएको छ । आगोले सबै जङ्गल सखाप मात्र भएको छैन १० स्थानका घरगोठमा क्षति पुगेको छ ।

त्यसबाट दर्जनौँ पशुचौपाया र दुई जना मानिसको ज्यान समेत गएको छ । ती घटनापछि फैलिएको आगो अझै नियन्त्रणमा आएको छैन । अहिले पनि जतासुकै जङ्गलमा धुवाँ उडेको देखिन्छ । जङ्गली जनावर र पशुपंक्षी कति मरे यकिन छैन । दैनिक आगो लाग्दा आकाशमा उडेको धुवाँले दिउँसै अध्यारो जस्तो देखिन्छ । घरका छतमा धुलोको थुप्रो लाग्छ । जसका कारण सफाइ नगरे घरभरी धुलोले सताउने गरेको अधिकांशको गुनासो छ। धुवाँका कारण आँखा पोल्ने समस्या पनि छ । ज्वरो तथा रुघाखोकीका बिरामी समेत बढेको अस्पतालको तथ्याङ्क छ । बागलुङ नगरपालिका ३ का जयन्द्र उपाध्यायले आगलागीले घरमा खरानी उडेर आई बसी नसक्नु भएको गुनासो गर्नुभयो । दैनिक आउने धुवाँले स्वास्थ्यमा समेत असर परेको भन्दै आगो लगाउनेलाई पक्राउ गरेर कारबाही गर्नुपर्ने उहाँले बताउनुभयो । 'जता हेरेपनि आगो लागेकै देखिन्छ, तर कसले लगायो खोजी भएको छैन' उपाध्यायले भन्नुभयो, 'दिउँसो गर्मी पनि बढिरहेको छ ।' घाम लागेको नदेखिने तर गर्मी बढ्ने भएको उहाँले बताउनुभयो । अस्पतालमा उपचारमा आउनेमा पनि श्वासप्रश्वासको समस्या भएका धैरै देखिएको र त्यसको कारण धुवाँधुलो भएको धौलागिरि अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. रविरञ्जन प्रधानले बताउनुभयो । प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले आँखा पोल्ने समस्या भएको गुनासो गर्नुभयो । नगरपालिकाकोफोहरफाल्नेस्थानमा लागेको आगोले बजारवासीलाई सताएको रिजालको भनाई छ । तत्काल निभाउने काममा नगरपालिकाले समेत उदासीनता देखाएको उहाँको टिप्पणी छ । नगरपालिकाले एकदुईपटक आगो निभाउने प्रयास गरेपनि निभेको छैन । केही स्थानमा आगो निभाउने प्रयास भएपनि अधिकांश स्थानमा अनियन्त्रित छ । जसका कारण वातावरण प्रदुषण भएको हो । अधिकांश जङ्गलमा आगो लाग्नुमा प्राकृतिक कारण भने नभएको प्रहरी उपरीक्षक ऋषिराम कँडेलले बताउनुभयो। नियोजित रुपमा आगो लगाउँदै हिँड्ने केही मानिस पक्राउ समेत परेको उहाँले बताउनुभयो । प्रहरीको तथ्याङ्क अनुसार वैशाखमा मात्रै बागलुङका २७ वटा सामुदायिक वनमा आगलागी भएको छ । ती घटनामा दुई जनाको मृत्यु र दुई घाइते भएका छन् । १० घर र १० गोठ जलेका छन् । ४३ घरपालुवा जनावरको मृत्यु भएको छ । आगो नियन्त्रणका लागि नेपाल प्रहरी, सेना र सशस्त्र प्रहरीसहित स्थानीय खटिएका छन् । स्थानीय तहले राहत तथा खाद्यान्नका लागि सहयोग गरेका छन् । डिभिजन वन कार्यालयले सबै सुरक्षा निकायलाई आगो निभाउने उपकरण सहयोग गरेको छ । तर वातावरण संरक्षणतर्फ भने कुनै काम नभएको पाइएको हो । 'घटनापछि आगो निभाउने काममा साथ र सहयोग भएको छ, तर पूर्वतयारी केही पनि देखिएन' जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले भन्नुभयो, 'घटना भएपछि राहत र उद्धारमा भने हामी पनि खटिएका छौँ ।' वातावरणमा परेको समस्याबारे सबै सचेत बन्न सकेमा आगलागीका घटना न्युनीकरण गर्न सकिने उहाँले बताउनुभयो ।

# महिलाको लगानीमा सरफ उद्योग सञ्चालन

पोखरापत्र संवाददाता
तनहुँ, २४ बैशाख

तनहुँको भीमाद नगरपालिका-६ का ३६ जना महिलाले सामूहिकरुपमा सरफ उद्योग सञ्चालन गरेका छन् । भीमादको मातृशिशु कल्याण आमासमूहमा आबद्ध महिलाले 'मातृशक्ति' नामको सरफ उद्योग सञ्चालन गरेर उदाहरण प्रस्तुत गरेका हुन् ।

महिलाले सामूहिकरुपमा सरफ उद्योग सञ्चालन गरेसँगै आत्मनिर्भरतर्फउन्मुख हुँदै गएको समूहका अध्यक्ष हरिमाया पौडेलले बताउनुभयो । रु २५ हजारका दरले लगानी गरेर उद्योग सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । "सुरुमा करिब रु २५ लाख लगानी भएको यस उद्योगमा नगरपालिकाले ७० प्रतिशत लगानी गरेको छ", अध्यक्ष पौडेलले भन्नुभयो, "३० प्रतिशत लगानी समूहका सदस्यले गरेका हौँ ।" विसं २०५३ मा स्थापना भएको उक्त समूहको कोषमा रहेको रकमसहित प्रतिव्यक्ति रु २५ हजार लगानी गरेसँगै गरपालिकाले सरफसम्बन्धी तालिम दिएपछि उद्योग सञ्चालनमा ल्याइएको उहाँको भनाइ छ । उद्योगमा सात जनाले रोजगारी पाएका छन् । काठमाडौँबाट कच्चा पदार्थ ल्याएर मेसिनमा प्रशोधन र प्याकेजिङ गरी बिक्रीवितरण गर्दै आइएको समूहका सचिव सीता सुवेदीले बताउनुभयो ।

आयआर्जन वृद्धि, रोजगारी सिर्जना र आयात घटाउने उद्देश्यले उद्योग सञ्चालन गरेका हौँ", उहाँले भन्नुभयो, "भीमाद बजार र आसपासका क्षेत्रमा मागअनुसार सरफ उत्पादन गर्दै आएका छौँ । अहिले बजार पनि विस्तार गर्दै गएका छौँ ।" उहाँका अनुसार प्रतिकिलो रु दुई सय र रु तीन सय ५० गरी दुईथरीका सरफ उत्पादन हुँदै आएको छ । दुई वर्षअघिदेखि दर्ता प्रक्रिया अघि बढाइएकामा गत असोजदेखि सरफ उत्पादन थालिएको सचिव सुवेदीले जानकारी दिनुभयो । "आधा किलोग्रामको प्याकेटमा पनि सरफ उत्पादन गर्ने योजना समूहको छ । घरायसी र व्यक्तिगत कामबाट बचेको समय उद्योगमा काम गर्ने व्यवस्था मिलाएका छौँ", उहाँले भन्नुभयो । सबै मिलेर काम गर्ने र बचत भएको पैसा बाँडफाँट गर्ने गरिएको सचिव सुवेदीले बताउनुभयो । स्थानीयस्तरमा उत्पादन हुन थालेपछि कपडा धुनका लागि आवश्यकपर्ने सरफ आयातमा कमी आएको उहाँको भनाइ छ । उत्पादित सरफलाई 'मातृशक्ति' नाममा ब्रान्डिङ गरिएको उहाँले जानकारी दिनुभयो । भीमादका शालिकराम गहतराजले स्थानीयस्तरमा गुणस्तरीय सरफ उपलब्ध भएपछि बाहिरबाट किनेर ल्याउने प्रवृत्तिको अन्त्य भएको बताउनुभयो । उहाँका अनुसार राम्रो, गुणस्तर र अन्य कम्पनीको तुलनामा सस्तो मूल्य भएकाले अधिकांशले यही सरफ प्रयोग गर्दै आएका छन् । यहाँ उत्पादित सरफ स्थानीयस्तरमा बढी माग र खपत हुने गरेको बताइएको छ ।

# व्यासलाई प्लाष्टिक झोलामुक्त बनाउन कार्यविधि

पोखरापत्र संवाददाता
तनहुँ, २४ बैशाख

तनहुँको व्यास नगरपालिकाले 'प्लाष्टिकमुक्त अभियानसम्बन्धि कार्यविधि' २०८१ पारित गरेको छ ।

नगरप्रमुख बैकुण्ठ न्यौपानेको अध्यक्षतामा आइतबार बसेको नगरकार्यपालिका बैठकले आगामी जेठ १ गतेदेखि नगरलाई प्लाष्टिक झोलामुक्त बनाउने अभियान उद्देश्यसहित कार्यविधि पारित गरिएको प्रवक्ता जीवन गुरुङले जानकारी दिनुभयो । उहाँले अभियानलाई कार्यान्वयन गर्न चौधवटै वडा कार्यालयमा परिपत्रसमेत गरिएको बताउनुभयो । नगरपालिकाभित्र सबै प्रकारका प्लाष्टिक झोला प्रयोगमा पूर्णरूपमा निषेध गर्ने निर्णय भएकाले सामान खरीदगर्दा कपडा, फाइबर, जुट वा कागजको झोलामात्र प्रयोग गर्न नगरपालिकाले नगरबासीलाई आग्रह गरेको छ । साथै व्यापारी, व्यवसायीलाई समेत प्लाष्टिक झोलाको सट्टा वैकल्पीक झोला बिक्रिवितरण गर्न अनुरोध गरिएको छ ।

नगर उपप्रमुख इन्दिरा दरैले प्लाष्टिक झोलामुक्त व्यास नगर अभियान सफल बनाउने दायित्व सबै नगरबासीको भएकाले सबैले सूचनाको पालना गर्ने विश्वास व्यक्त गर्नुभयो । नियमानुसार नगरिए प्लाष्टिक झोला जफत गरी नियमअनुसार जरिवाना गर्ने व्यवस्था रहेकाले अभियानलाई सफल बनाउन सबै तह र तप्काबाट सक्रिय असहभागिता हुने अपेक्षा गरिएको उहाँको भनाइ छ ।

त्यसैगरी बैठकले व्यास नगरपालिका-५ स्थित मानहुकोट पर्यटकीय क्षेत्रमा घर निर्माणसम्बन्धि मापदण्ड तोकी घर निर्माण प्रक्रिया खुला गर्ने र मानहुकोट पर्यटकीय क्षेत्रको जग्गा विकास आयोजनाको प्रक्रिया अघि बढाउने निर्णय गरेको छ ।